**पाल्हीनन्दन गाउँपालिका**

**नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश**

# पाल्हीनन्दन राजपत्र

खण्डः ५ संख्याः १ मितिः २०७८/०४/३१

## भाग-२

## पाल्हीनन्दन गाउँपालिका

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ बमोजिम पाल्हीनन्दन गाउँपालीकाको गाउँकार्यपालिकाले मिति २०७८/०१/०५ मा जारि गरेको कार्यविधि/नियमावली/निर्देशिका सर्वसाधारणको जानकारीको लागि स्थानीय संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ |

संवत २०७८ सालको कार्यविधि नं. १

पाल्हीनन्दन गाउँपालिकाको ग्याँस सिलिण्डर तथा चुल्हो वितरण सम्बन्धि कार्यविधि, २०७७

पाल्हीनन्दनगाउँपालीका

पाल्हीनन्दन गाउँकार्यपालीकाको ग्याँस सिलिण्डर तथा चुलो वितरण सम्बन्धि कार्यविधि ,२०७७


परिच्छेद-१ ...........................................................................................................

१ संक्षिप्त नाम र थर :..........................................................

२ परिभाषा : .........................................................................................................

परिच्छेद -२ ..........................................................................................................

३ लाभग्राही घरपरिवार छनौट प्रकिर्या : ...........................................................................

४ लाभग्राही घरपरिवार छनौट आधार : .............................................................................

५ गाउँ स्तरीय लाभग्राही घरपरिवार छनौट समिति सम्बन्धि व्यवस्था :...................................

६ जनशक्ति सम्बन्धि व्यवस्था : .........................................................................................

७ वितरण सम्बन्धि व्यवस्था : ............................................................................................

परिच्छेद -३ ..........................................................................................................

८ दण्ड जरिवाना :..............................................................................................................

९ अमुगमन : ...................................................................................................................

१० बाधा अड्काउ फुकाउने : ...............................................................................

११ परिमार्जन तथा संशोधनः ..............................................................................

पाल्हीनन्दन गाउँपालिका क्षेत्र भित्र रहेका आर्थिक तथा सामाजिक रुपबाट पछाडी पारिएका दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम तथा विपन्न वर्गका महिलाहरुको स्वास्थ्य स्थितिमा सुधार ल्याउन महिलाहरुको घरयासी कार्य बोझ कम गरी अर्थोपार्जनका क्रियाकलाप प्रेरित गर्न र विशेष गरी महिलाहरुको इन्धन माथि रहेको जङ्गलको परनिर्भरता घटाउन र खाना पकाउने प्रयोजनको लागि प्रयोग गरिने इन्धनको सुनिश्चिता गर्न नेपालको संबिधानको अनुसूची-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ ले गाउँपालीकालाई आवश्यक पर्ने स्थानीय कानुन बनाउन सक्ने कानुनी व्यवस्था गरेकोले सोहि अधिकार प्रयोग गरि पाल्हीनन्दन गाउँपालिकाको लक्षित वर्ग विकास कार्यक्रम अन्तर्गत ग्याँस सिलिण्डर तथा चुलो वितरण सम्बन्धि कार्यविधि तर्जुमा गरि कार्यपालिका बाट स्वीकृत गरी लागु गरिएको ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "पाल्हीनन्दन गाउँपालिकाको ग्याँस सिलिण्डर तथा चुल्हो वितरण सम्बन्धि कार्यविधि, २०७७ " रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) " अध्यक्ष " भन्नाले पाल्हीनन्दन गाउँ कार्यपालिकाको गाउँपालीका अध्यक्षलाई सम्झनुपर्छ ।

(ख ) "उपाध्यक्ष " भन्नाले पाल्हीनन्दन गाउँ कार्यपालिकाको गाउँपालीका उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकिय अधिकृत " भन्नाले पाल्हीनन्दन गाउँ कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका " भन्नाले पाल्हीनन्दन गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) "वडाअध्यक्ष " भन्नाले पाल्हीनन्दन गाउँपालिकाको वडाअध्यक्ष लाई सम्झनुपर्छ ।

(च) "वडा समिति" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको वडा समितिलाई सम्झनुपर्छ ।

(ज) " सदस्य" भन्नाले पाल्हीनन्दन गाउँ कार्यपालिकाको सदस्य तथा वडा सदस्य सम्झनुपर्छ ।

(झ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

(ञ) "सभा" भन्नाले गाउँ सभा लाई सम्झनुपर्छ ।

(ट) "गाउँ स्तरीय वितरण समिति " भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई सम्झनुपर्छ ।

(ठ) " संयोजक " भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको संयोजक लाई सम्झनुपर्छ ।

(ड) " स्थानीय तह " भन्नाले पाल्हीनन्दन गाउँपालिका लाई सम्झनुपर्छ ।

( ढ) " लाभग्राही " भन्नाले गाउँपालिका क्षेत्र भित्र कच्ची घरमा बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनुपर्छ ।

(ण) " कच्ची घर " भन्नाले फुसको छानो तथा जस्ता पाता खपडा प्लास्टिकले छाएको घर अर्थात पक्की ढलान नभएको घर सम्झनुपर्छ ।

परिच्छेद -२

## ग्याँस सिलिण्डर तथा चुल्हो व्यवस्थापन सम्बन्धी प्रक्रिया

**३. लाभग्राही घरपरिवार छनौट प्रकृयाः**

(१) वडा स्तरीय कार्यक्रमहरुको हकमा लाभग्राही घर परिवार तथ्यांक अनुसूची-१ बमोजिम संकलन गरी वडा समितिको निर्णय बमोजिम अनुसूची-२ को ढाँचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ ।

(२) गाउँपालिकास्तरीय कार्यक्रमहरुको हकमा लाभग्राही घर परिवार तथ्यांक अनुसुची-१ को ढाँचामा संकलन गरी तपशिलको समितिको निर्यण बमोजिम अनुसुची-२ को ढाँचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ ।

<u>तपशिल</u>

गा.पा.अध्यक्ष वा निजले तोकेको जन-प्रतिनिधि - संयोजक

सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

गा.पा.अध्यक्षले तोकेको एकजना महिला जनप्रतिनिधि - सदस्य

सम्बन्धित वडाको एकजना वडा सदस्य - सदस्य

रोजगार सेवा केन्द्र प्रमुख

सामाजिक सुरक्षा शाखा प्रमुख

विपद ब्यवस्थापन शाखा प्रमुख

**४. लाभग्राही घरपरिवार छनौटको आधार :**

(१) गाउँपालिकाको स्थायी बासिन्दा ।

(२) पाँच कठ्ठा भन्दा बढी जग्गा नभएको ।

(३) नेपाली नागरिक ।

(४) कुनै पनि परिवारको सदस्य जागिरमा नभएको ।

(५) यस पुर्व त्यस किसिमको कुनैपनि सेवा सुबिधा प्राप्त नगरेको ।

**५. गाउँपालिका स्तरीय लाभग्राही घरपरिवार छनौट समिति सम्बन्धि व्यवस्था :**

(१) दफा ३ को उपदफा १ र उपदफा २ बमोजिमको समितिहरुबाट छनौट भै आएका लाभग्राही घरपरिवारहरुको अन्तिम छनौट गर्न तपसिल बमोजिमको गाउँपालिका स्तरीय छनौट समिति रहने छ ।

<u>तपशिल</u>

गा.पा. अध्यक्ष - संयोजक ।

गा.पा.उपाध्यक्ष - सदस्य ।

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जना कर्मचारी - सदस्य ।

सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य ।

योजना शाखा प्रमुख -सदस्य ।

संयोजकले तोकेको १ जना महिला जनप्रतिनिधि -सदस्य ।

विपद ब्यवस्थापन शाखा प्रमुख

(२) प्रशासन शाखाका शाखा प्रमुखले सचिवको कार्य गर्नेछन ।

(३) उपरोक्त समितिले अनुसूची-३ बमोजिमको ढाँचामा विविरण तयार गर्नेछ ।

(४) उक्त समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**६. जनशक्ति सम्बन्धि व्यवस्था :**

(१) लाभग्राही घरपरिवारको तथ्यांक संकलन गर्ने कार्यका क्रममा जनशक्ति अपुग भएमा यसै कार्यक्रमको रकमबाट खर्च व्यहोरिने गरि जिल्ला दररेटलाई आधार मानि दैनिक ज्यालादारीको रुपमा खटाई हाजिरी प्रामाणित गरि सेवा सुबिधा उपलब्ध गराइनेछ ।

**७. वितरण सम्बन्धि व्यवस्था :**

(१) दफा ५ को समिति मार्फत छनौट भएका लाभग्राही घरपरिवारलाई ग्याँस सिलिण्डर तथा चुल्हो वितरण गर्न तपशिल समिति रहनेछ ।

<u>तपशिल</u>

गा.पा. अध्यक्ष - संयोजक ।

गाउपालिका उपाध्यक्ष — सदस्य ।

सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य ।

संयोजकले तोकेको १ जना महिला जनप्रतिनिधि -सदस्य ।

सम्बन्धित वडाको एकजना वडा सदस्य -सदस्य ।

जिन्सी शाखा प्रमुख -सदस्य सचिव ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वडामा गाउँस्तरीय कार्यक्रम नपरेको खण्डमा सम्बन्धित वडाको वडाअध्यक्ष नै संयोजक हुनेछ ।

(३) एक घरमा एक भन्दा बढीलाई वितरण गरिने छैन ।

(४) उपयुक्त समितिले अनुसूची-४ बमोजिमको ढाँचामा भरपाई तयार गर्नेछ ।

(५) गाउँपालिकास्तरीय योजनामा सामग्री वितरण पालिकाबाट र वडास्तरीय योजनमा सामाग्री वितरण सम्बन्धित वडाबाट हुनेछ ।

**८. खरिद तथा भुक्तानी सम्बन्धि व्यवस्था :**

(१) लाभग्राही घरपरिवारलाई वितरण गरिने ग्यास सिलिण्डर तथा चुलो खरिद सम्बन्धि व्यवस्था सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

(२) उपदफा १ बमोजिम खरिद गरिएको ग्यास सिलिण्डर तथा चुल्होको भुक्तानी खरिद बिल, वितरण भरपाई तथा अनुगमन प्रतिबेदन प्राप्त भएपछि गरिनेछ ।

परिच्छेद-३

विविध

**९. दण्ड जरिवाना :**

(१) यदी कसैले नक्कली लाभग्राहीको रुपमा सेवा सुबिधा लिएको  बिक्री वितरण गरेको प्रमाणित भएमा वितरण सामान जफत गरि कानुन बमोजिम  कारवाही गरिनेछ |

(२) यदि कसैले वितरण गरेको ग्याँस सिलिण्डर तथा चुल्हो अन्य कुनै प्रयोजनको लागि प्रयोग गरिएको पाइएमा निजलाई उक्त  सामग्री बराबरको दण्ड जरिवाना गरि निजलाई गाउँपालीका बाट प्राप्त हुने सम्पूर्ण सेवा सुबिधा बन्द गरिनेछ |

**१०. अनुगमन :**

(१) ग्याँस सिलिण्डर तथा चुल्हो वितरण गर्नु पुर्व वा वितरणको दौरानमा वा वितरण पछि कार्यक्रमको प्रभावकारिताको अनुगमन गर्न तपशिल बमोजिमको समिति रहनेछ |

तपशिल

गा.पा. उपाध्यक्ष  -  संयोजक |

प्रमुख प्रशासकीय अधिकृत  -  सदस्य |

सम्बन्धित वडाको वडाअध्यक्ष   -   सदस्य |

गाउँपालिका प्रमुखले तोकेको १ जना महिला जनप्रतिनिधि  -  सदस्य |

सम्बन्धित वडाको एकजना वडा सदस्य   - सदस्य |

(२) उपयुक्त समितिले देखिएका व्यहोरा सहित आवश्यक सल्लाह सुझाव गाउँपालीकाको कार्यलाई दिनुपर्नेछ |

**११. बाधा अड्काउ फुकाउने :**

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ |

**१२. परिमार्जन तथा संशोधन :**

(१) कार्यविधिलाई आवश्यकता अनुसार गाउँपालिकाको कार्यपालिकाले परिमार्जन, संशोधन गर्न सक्नेछ |

प्रमाणीकरण मिति : २०७८।०१।०५

आज्ञाले

श्री प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(दफ़ा ३ (१) र (२) संग सम्बन्धित )

मिति : .......................

श्री समिति अध्यक्ष/ वडा अध्यक्ष ज्यु ,

पाल्हीनन्दन गाउँपालीका ....................... वडा कार्यालय , नवलपरासी |

विषय : ग्याँस सिलिण्डर तथा चुलो सेट उपलब्ध गराई पाउन |

महोदय ,

प्रस्तुत विषयमा तँहा वडा कार्यालय/गाउँपालिकाबाट प्रकाशित सुचना बमोजिम म तथा मेरो घरपरिवार तोकिएको लक्षित वर्गभित्र पर्ने भएकोले ग्याँस सिलिण्डर सहित चुलो सुबिधा प्राप्त गर्नका लागि म योग्य भएकोले यो निबेदन पेश गरेको छु | मेरो घरपरिवारको विस्तृत विविरण निम्न बमोजिम रहेको छ |

तपशिल

१.घरमुलीको नाम थर :.......................................................................

२.पारिवारिक विविरण :

नाम थर :

नाता :

क) .........................................................................................

ख ) ..............................................................................................................

ग) ...........................................................................

घ ) ............................................................................

न.) ............................................................................

च ) ............................................................................

छ ) ............................................................................

ज ) ............................................................................

झ) ............................................................................

जम्मा परिवार संख्या : ......................

३. घरको अवस्था :

क) पक्की ख) कच्ची ग) टहरो घ) घर नभएको न. अन्य

४ आम्दानीको स्रोत :

क) कृषि ख) जागिर ग) उधोग धन्दा घ) मजदुरी न. अन्य

५खान पकाउन प्रयोग गरेको इन्धन :

क) दाउरा ख) गोबर गुईठा ग) गोबर ग्याँस घ) ग्याँस सिलिण्डर न. अन्य

६ माथि मैले लेखाएका विविरण ठिक साँचो हो यस पुर्व मेरो परिवारले सो सम्बन्धि कुनै सुबिधा लिईएको छैन । फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउला ।

संलग्न कागजातहरु :

(क ) नेपाली नागरिकताको प्रतिलिपि

(ख) अन्य कागजात ..................

निवेदक नाम थर

ठेगाना

| | |
|---|---|
| | |

निवेदकले दिएको व्यहोरा ठिक साचो हो भनि प्रामाणित गर्दछु ।

हस्ताक्षर :

नाम :

पद : गा.पा.अध्यक्ष /गा.पा.उपाध्यक्ष / वडाअध्यक्ष/गा.पा.सदस्य/का.पा.सदस्य/ वडा सदस्य

अनुसूची-२

(दफ़ा ३ (१) र (२) संग सम्बन्धित )

मिति : ......................

<u>छनौट समिति/ वडा समितिहरु बाट छनौट भएका लाभग्राही घर परिवारको विवरण</u>

| सि.नं. | लाभग्राहीको नाम, थर | ठेगाना | कच्ची घर भए/नभएको | जागिर भए/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

वडा सदस्य     वडा सदस्य     वडा सदस्य     वडा सदस्य     वडा अध्यक्ष     गा.पा.अध्यक्ष संयोजक

अनुसूची-३

(दफा ५ संग सम्बन्धित )

मिति : .......................

<u>गाउँ स्तरीय लाभग्राही घरपरिवार छनौट समितिबाट छनौट भएका लाभग्राही घर परिवारको विवरण</u>

| सि.नं. | लाभग्राहीको नाम, थर | ठेगाना | कच्ची घर भए/नभएको | जागिर भए/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| **जम्मा** | | | | | |

वडा अध्यक्ष　　योजना शाखा प्रमुख　　प्र.प्र.अ.　　गा.पा.उपाध्यक्ष　　गा.पा.अध्यक्ष संयोजक

अनुसूची-४

(दफ़ा ७ संग सम्बन्धित )

मिति : .......................

## ग्याँस सिलिण्डर तथा चुलो वितरण भरपाई

| सि.नं. | लाभग्राहीको नाम, थर | ठेगाना | ग्याँस सिलिण्डर चुलो सेट-थान-१ | बुझिलिनेको सहिछाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

महिला सदस्य वडा सदस्य वडा अध्यक्ष गा.पा.अध्यक्ष संयोजक